Dear Bishnuji,

I sincerely differ from what you have written about me in your message below. I shall therefore copy and paste here few lines from the message.

Your name word "lekhak" definitively refers to M. S. Thapa, does not it ?

"Arko kura lipi ko barema 2049 BS ma pustak niskiyo, tyaspachhi tyasako nirantar academic kam sambandhit lekhak bata auna, byaktigat swarthama lagnu bho, pad ta paunu bho tara padko sansangai yo academic kamlai agadi badhayako bhaya yo barema tungo lagthyo. Abasya Akkha lipile Magar bhasako sabai dhwani sametdaina, Tyasalai lekhakle nai sametne gari bikas garan saknu parthiyo gayako 23 years bhitra tyasko nirantarata bhayana."

Those who think herself/himself an 'academician' should be straightforward and 'fearless' or whatever.

(हामीले गरेका कुरोलाई 'भ्रामक भनेर उडाउने' लेखक खुद एम. एस. थापासंग जवाफ मागिएको हो, वीचका अरु नयाँ मान्छेहरुसंग होईन । र, यो उहाको विरुद्ध कुनै विरोध र उहाले गर्नु भएको कामलाई खारेज गर्नुपर्छ भनेको पनि होईन । सिर्फ फरकमत राखेको हो र सुधारकानिम्ति आग्रह गरिएको मात्र हो ।)

Thank you, bkrana

अब कुरोमा कुरो गर्नु पर्दा भाषाशास्त्र र अंग्रेजी साहित्यको विद्यार्थी भएकोले गर्दा हुन् सक्छ मलाई कुनै पनि भाषा र साहित्यप्रति यसै पनि चासो हुने गर्दछ ।

यसमा त्यो तथाकथित अक्खालिपिको कुरोको बारेमा फेरि अलिकति नभनी नहुने भयो । उतिबेला, पंचायत कालमा त्यो लिपिको कुरो भएपछि काठमाडौँबाट प्रकाशित हुने 'द राइजिंग नेपाल'मा एउटा छोटो समाचार छापियो । त्यसको केही समयपछि 'न्यूजप्रिन्ट'को कपिमा (अहिले हालको किताबको रुपमा होइन ) एउटा पातलो किताब पनि छापियो ।

र, एउटा गोष्ठी भएको थियो जावलाखेलमा । मैले सिधै ब्राह्मी लिपि हो भनेर भन्दा,'यस्तो भ्रामक कुरा नगर्न' भनियो । डा. हर्ष बहादुर बुढा र मेरो मत एउटै थियो - 'अक्खा' होईन 'ब्राह्मी लिपि' हो भन्ने । तर 'नेपाल मगर संघ' मार्फत यो तथाकथित अक्खालिपि जनस्तरसम्म पुर्याइयो । हाम्रो कुरोलाई 'भ्रामक' भनिएकै थियो त्यसैले कतै सुनवाई हुने कुरै भएन ।

मगर भाषाका केही शव्द, वाक्य र गन्ति गर्ने संख्या बाहेक मलाई अरु कुरा आउदैन । तर, भाषाशास्त्रको सिद्दान्त र नियमहरु त सबैका उस्तै त हुन् नि होइनन् र ? ब्राह्मी लिपिलाई ब्रह्माको मुखबाट निस्केको भनेर कसैले लेखेका होलान् तर कुरो त्यो होईन ।

चक्रवर्ति महाराज अशोक (३०४ - २३२ ई.पू.) भन्दा पहिलेको मानिएको 'पन्नवणासुत्त'मा तत्कालीन भारतीय महाद्वीपका कम्तिमा पनि १८ बिभिन्न लिपिहरु जस्तै : बम्भी (ब्राह्मी ), जवणाली,दोसापुरिया, खरोट्टी आदिको नाम उल्लेख छ । भगवतीसुत्तमा "णमो बंभीए लिबिए" लेखिएको छ । यही 'बम्भी' वा 'बंभीए' लिपिलाई विद्द्वानहरुले "ब्राह्मी" कहलाएका हुन । प्रशिद्ध बौद्ध विश्वकोश 'फा युआन छु लिन" र ललितविस्तरमा पनि 'बम्भी' र 'खरोष्टि' लगायत बिभिन्न ६४ लिपिहरुको चर्चा गर्रिएको छ ।

लुम्बिनीको अशोक स्तम्भमा "ब्राह्मी" लिपिमा लेखिएको बुद्धको जन्मस्थलोका कुरा :

१. देवानपियेन पियदसिन लाजिन विसती-वसाभिसितेन
२. अतन आगाच महीयिते हिद बुधे जाते सक्य-मुनी ति (|*)
३. सिला-विगड-भीचा कालापित सिला-थभे च उसपापिते (|*)
४. हिद भगवं जाते ति लुं मिनी-गामे उबलिके कटे
५. अठ-भागिये च (||*)

यसरी 'ब्राह्मी' लिपिमा लेखिएको छ । त्यसबेला दायाँबाट बायाँ लेखिने अर्को 'खरोष्टि' लिपि पनि प्रचलित थियो । 'किल उ सेटो' नामका लिपिविद्ले यो लिपि निर्माण गरेका हुनाले उनकै नामबाट 'किल उ सेटो' हुदै 'खरोष्टि' बनेको हो भन्ने विद्द्वानहरुको मत छ ।

चिनी विश्वकोशमा 'गधाको जस्तो ओठ भएका' विद्द्वानले यो लिपि तयार गरेका हुनाले पछि 'खरोष्टि' भनिएको हो भन्ने पनि लेखिएको छ । यस ब्राम्ही लिपिबारे तत्कालिन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३० मा प्रकाशित गरेको हेमराज शाक्यको पुस्तकको १ देखि ७ सम्म पुरातत्विक प्रमाणसहित विवेचना गरिएको छ ।Language Atlas of South Asia -२०१२ को पृष्ठ १३ मा लिम्बू लिपिको फन्ट राखिएको छ भने तर मगर जातिको लिपिको कुनै चर्चा छैन ।

नेपालमा जातिवाद छ र त्यो संसारमा जहाँ कहिँ पनि छ ।जातिवादले एक जाति वा समुदायको मात्र पक्षपोषण गर्ने भएपछि त्यसको विरोध हुनु पर्दछ । पूर्व आइ जी पी कुबेर सिंह रानालाई जागिरमा पदोन्नत् हुनबाट रोक्न के सम्म गरेनन् मान्छेहरुले ? यसबारेमा एउटा मानव अधिकारवादी समुहले निक्कै चर्को स्वरमा कुरो गर्यो र त्यसका विरूद्ध हामीले पनि आफ्नो कुरा राख्यौं । उता पूर्व डि. आई. जी. पार्वती थापालाई पनि जातिवादको कारण पदोन्नत् हुनबाट बन्चित गरियो । दु:ख लगेर आउछ ।

उतिबेला हामी नेपालमा हाल प्रचलित जातिवादलाई 'बाहुनवाद' भन्ने गर्थ्यौं, अहिले पनि त्यसै भनिन्छ नै । त्यो बाहुनबाद खतम गर्न जातीय आत्मगौरवको कुरोको उठान गर्नु पर्दछ भनेर पूर्व मेचीदेखि

पश्चिम महाकाली र उत्तर हिमालदेखि दक्षिण तराइका  बस्तीबस्तीमा हामी पनि पुग्यौ भने सरकारमा बसेका  मान्छेहरुद्वारा  काठमाडौँका तारे होटेलदेखि सामान्य हल वा कोठामा आयोजना गरिएका प्राज्ञिक वहसमा समेत काधमा काध ठोकेर गौरवमय इतिहासको धनी हाम्रो मगर जाति र नेपालको निर्माण र रक्षाको खातिर  बलिदान हुने हाम्रा प्रात:स्मरणीय पुर्खाको कुरा हामीले पनि उठाउने गर्थ्यौं ।

त्यसबेलाको कान्तिपुर, गोरखापत्र वा अन्य पत्रपत्रिका, खास गरी अंग्रेजीमा प्रकाशित हुने The  Himalayan Times दैनिक खोजेर हेरियो भने कुरोको चुरो बुझिनेछ । यो कुरा पनि अहिलेको  नयाँ पिढीलाई थाहा नहुन पनि सक्छ ।

धेरै किन लेखौ र ?

धन्यवाद । bk rana

Dear All

Maile Bidwan BK Rana jyu le Bhane jasto kasailai byaktigat aachhep lagayako chhaina, maile magar aguwa ra afulai magar bigya bhanne samagra magar academician haru ko socio-psychology ko kura gareko ho. Mero pratikriyalai nitanta byaktigat banaidinu bhayachha bidwan BK rana jyu le, Yasari academician haru le byakti tokera lanchhana lagaune karya ali suhaudaina ki?? mero pratikriya sabaila tersana sakchha tyasama sabai sachet huna jaruri chha. Ani bahas chalnu ramro kura ho, jun bhairakheko chha, byaktigat achhep ma hoina ?

Ani hami sabaile ek patak magar samaj ra Deshko lagi k yogadan diyan bhanera sabaile sonchema yasta kura afai harauchha, Ra sabai magar aguwa ra magar academician harule afno mulyangkan pani garnai parchha..... ani ball sahi kura aula/

Adhyan, anusandhan ra publication ma ek le arkalai sghau, bistarai magar ka barema sahi kura patta lagdai janechha...

Jilau

With regards

Bishnu kumar Sinjali

मगर जातिको ईतिहासको अध्ययन अनुसन्धान तथा खोजी गर्ने क्रममा विव्दान लेखक तथा वक्ताज्यु हरुको विचारको लेखा जोखा गर्ने काम आफैमा नराम्रो होइन । तर कसैलाई अमर्यादित ढंगले व्यवहार गर्न र दोष लगाउनभने मिल्दैन । विदेशी तथा स्वदेशी विव्दान हरु बाट मगरहरुको उत्पत्ति र ईतिहासकाबारेमा

फरक फरक मत आएकाले निकै विवादास्पद विषय भएको छ । यिनिहरुको विश्लेषण गर्नेकाम हामीलेनै गर्ने हो । विव्दान हरुले यसकार्यमा खोज कर्ताहरुलाई सहयोग गर्नु पर्छ । रिसाउन हुदैन ।
धर्मको रोजाई वा अंगिकार गर्ने कुरा नितान्त व्यक्तिगत कुरा हो । यसो गर्ने अधिकार व्यक्तिमा रहन्छ । तर समग्र मगर जातिनै बौद्ध धर्मावलम्बी थिए वा हुन् भनेर भन्दा प्रमाणको आवश्यकता पर्छ । सही प्रमाणको लागी खोजीकार्यको थालनीका क्रममा बहस चल्न नराम्रो होईन । यसलाई सकारात्मक रुपमा लिन राम्रो होला ।
निकट भविष्यमा मगर अध्ययन केन्द्रले यसै विषयमा प्राज्ञहरुको जमघट कार्यक्रमको आयोजना गर्दै छ । यहाँहरुको सहयोगको अपेक्षा गर्दछौं ।
डा. गोविन्द प्रसाद थापा

झोर्ले , शुभमंगलम सम्पूर्ण आदर्णीय विद्द्वान वक्तित्वोहरुमा सुप्रसिद् विद्वान ईतिहासविद कानुनविद ,राज्नितिज्ञ तथा समाज सेवी आदर्णीय एम एस् थापा द्वारा लिखित प्रकाशित पुस्तक प्राचिन मगर र अक्खा लिपीमा समाबेश बुद्ध र मगर जाती साथै अहिले प्रचलनमा आएको मगर अक्खा लिपी सम्बन्धी असहमती राखी बिभिन्न बिचार राख्नु हुनेहरुमा ।

यो पुस्तकको प्रथम सस्करण प्रकाशित मितिले बि स २०४९ साललले गणना गर्दा लगभग २३ वर्ष पुगेछ अब यत्रो बर्ष सम्म यो पुस्तकका लेखेकले अहिले सम्मको अनुसन्धान नै सही भन्ने होइन किनकी कुनै पनि कार्य वा वस्तु कहिल्य पनि अन्तिम हुँदैन भनी भविस्यमा कसैले नयाँ र महत्वो पूर्ण तथ्य फेला पारे त्यस्लाई स्विकार्ने उहाले उल्लेख गर्नु भएको छ , जुन सत्य छ तर अहिले सम्म कसैले पनि प्रमाण स्वोरुप यो होइन यसो हो भन्न सकेको छैन अहिले अधिकान्स मगरहरुले स्विकार अघी बढ्दै गर्दा एक्कासी कुनै ठोस् प्रमाण विना होइन भन्दै रोक्नु खोज्नु जायज नहोला । अब यो पुस्तकको दोश्रो सस्करन पनि निस्की अत्याधिक सफल रहेको छ अब अन्य सन्स्करन पनि निस्कने अवस्थामा होला अब यत्रो बर्ष सम्ममा त कसैले चित्त नबुझे अर्को दस्तावेज निस्की सक्नु पर्ने तर यसो नभई साना तिना कुरालाई कोत्ताउदै विरोध गरी राख्नुको कुनै औचित्य छैन जस्तो लाग्दछ ।

सर्व प्रथम यो पुस्तक सम्बन्धमा चित्त नबुझी कमेन्ट गर्ने भन्दा पनि मगरहरुले नौलो ,ज्ञान गुनका कुरा तिर ह्वोत्ताई आकर्शित भएको र परम्परागत जिउ हजुर पन्डितको बोली बिक्न छोडेको अवस्थाको क्रन्दन हो जस्तो लाग्छ । किनकी यो पुस्तक नपढी वा नबुझी कमेन्ट गरेको पाइयो कसैले पेजको पृष्ठ सन्ख्या पनि भन्न नसकेको पाइयो यसको अर्थ उहाहरुले यो पुस्तकलाई ज्ञान्को लागि होइन असह्य भएर जबर्जस्ती बिरोध गर्न पढ्न खोजेको पाइयो ।

हो यो मगरको लिपी नै नहोला युरोपियनहरुले रोमन चलाए जस्तै मगरहरुले लेख्ने सक्लान तर अहिले एम एस् थापाले त्यत्रो मिहिनेत गरेर अनुसन्धान गरी प्रमाण सहित लेखेको दस्तावेजलाई हचुवाको भरमा कसैले ब्राह्मी लिपिको कपी भन्नु यो पुस्तक राम्ररी अध्ययन नगरेको बुझिन्छ । होला दार्जिलङ तिरका त के नेपाल र भारतका पन्डितको ब्रहमी लिपी नै भन्छन यस्मा कुनै टाउको दुखाई भएन तर ति पन्डित हरुले भन्ने ब्रहामी लिपी के यो संसारको सृस्टिकर्ता मान्ने ब्राह्मको मुख बाटै निस्केको मान्ने त ???

प्राचिन बुद्दकालिन समयका बिभिन्न बस्तुहरुमा कुदिएको अक्षरहरुलाई नै उहाले प्रस्तुत गर्नु भएको उल्लेख छ र त्यही अक्षरहरुलाई नै ब्राह्मनहरुले थपघत गरी ब्राह्मी लिपी आविस्कार गरेको जनाइएको छ यदी त्यो लिपी ब्राह्मी लिपी हुन्थ्यो भने ब्राह्मान धर्म ग्रन्थहरु त्यती खेर किन लेखिएन त ?अत्यन्त पुरानो भनिने बेद ,श्रुती किन चौथो सताब्दी तिर मात्र लेखियो ?

प्राचिन अक्खा लिपीबाटै देवनागरी, बङाली आदी बिकास भएको बिद्व्वानहरु बताउछन । अब यो ब्राह्मी लिपी भएको भए ब्राह्मानहरु को ङ ण् आदी शब्द छैनन र बनेको छैन उनीहरु कपुरी क खरायो ख भन्छन ,ङ् शब्द थपी ङ लाई नङ भन्छन अब यसरी शब्द बन्ने हो भने कपुरी क नभनी अंकल भने भई गयो नि आखिर अर्थ त हुन्छ शब्दको ,जबकी मगर भाषामा ङ बाट धैरै शब्द हरु छन ङाके ,ङापो आदी । अब यसरी अक्खा लिपी को बिरोध

गर्नु पहिला मगर भाषाको ज्ञान पनि हुनु जरुरी छ। उहाले भन्नु भएको सत्य छ मगर हरु अक्षरलाई आँखर लाई भन्दछन ,त्यसैले यो अक्खा लिपी ब्राह्माको मुखबाट निस्केको भन्ने प्रमाण पनि त पन्डितहरुले दिन सक्नु पर्‍यो ?

अब नेपालका प्राज्ञ भनिने पन्डित ज्ञानीहरुले आज सम्म कसैको कुरा मानेका छन र ? एम एस् थापाको कुरा सुन्ने ? अब यो संसारको सृस्टि कर्ता ब्रह्माको मुखबाट जन्मेकोहरु कहिले बैज्ञानीक सोच नयाँ सिदान्तको सम्र्थक रहे पो त ? भूकम्पले ठुलो मात्रमा धन जनको विनास भो तर पन्डित ज्ञानले भुकम्पको दोष  देउतालाई दिएर हाइ सन्चो माने अब त्यस्तो ज्ञानीहरुले अरुको कुरा सुन्लान त ??

अब यसरी मगरले जती अनुसन्धान त्याग गरेर लेखे पनि तुच्छ सम्झेर अध्ययन गर्नुको सत्ता विरोध गर्ने पन्डितले लेखेको ग्रन्थलाई दन्त्य कथाको ग्रन्थलाई सत्य स्विकार्ने रोग उपचार नगरे सम्म मगरहरु अगाडि बध्न कठिन छ ।

अब यो अक्खारिका नभई अन्य नै होला रे तर पनि जसरी युरोपियनले रोमन चलाए जस्तै मगर हरुले अक्खारिका चलाऊदा के अनर्थ होला र ?

अर्को बुद्ध धर्मको पनि चर्को बिरोध गरिदै आएको छ ,एकातिर बुद्ध नेपालमा जन्मेको भनेर भन्नु पर्ने,बुद्धको नाम बेचेर पेत पूजा गर्न पछी नपर्ने  तर बुद्धको शिक्षा नस्विकार्ने बुद्धको नाम सुन्नै नचाहने पन्डितको रोग मगरहरुमा सर्नुको कारण बुझ्नी नसक्नु छ ।एकातिर जो सुकैले जे सुकै धर्म मानुन पनि भन्ने फेरी जो जस्ले बुद्ध धर्म ज्ञान के हो बुझेर स्विकार्दा ठुलो अपराध गरे जस्तो गरी बिरोध गर्ने दोधारे चरित्र मगरमा हुनु पनि दु:ख दायक छ । वास्तवमा भन्नु पर्दा धर्मको सवालमा अहिले अवस्थामा अधिकास मगरहरु धर्म के हो ,कुन धर्ममा के कस्तो अभ्यास हुन्छ यो किन गरिन्छ भन्नेमा अन्धा नै छन भन्दा अतियुक्ती नहोला । पन्डितहरुद्वारा सिर्जित हिन्दू धर्म मगरहरुले मान्ने बिभिन्न कारण मध्य यो कुनै जानेर वा बुझेर लागेको होइन हावामा हिन्दू भनेका मात्र हुन नत्र पन्डितको हिन्दू धर्म मगर पनि पन्डित गर्न सक्षम हुनु पर्ने सयौ हजारौ बर्षको ईतिहासमा ,मगरले पनि जनाई भिरेको हुने पर्ने ,मगरले रितिरिवाजमा ज्वोई चेला वा भान्जा नचलाऊने पर्ने , मगरले स्वख्हाई  मामाको छोरी बिहे नगरनु पर्ने जुन हिन्दू धर्म अनुसार वा हिन्दू कानु अनुसार हाडनाताको सम्बन्ध अनुसार कानुनी कारबाही हुन सक्दछ, गाई गोरुको मासु मगरहरुले खाएकै थिए अझाई पनि दुर्घत्नामा परेको गोरुको मासु खाएकै छन जुन हिन्दू धर्ममा वर्जित छ । हिन्दू धर्म र मगर सन्स्क्रिती सन्स्कार  विपरित धुर्व हुन त्यसैले मगरहरु कुनै पनि हालतमा हिन्दू थिएनन जबर जस्ती थोपरेको धर्म घाम जस्तै छर्लङ छ तर पनि पन्डित्को स्वोर्ग र नर्कको जालमा मगरहरु चुर्लुम्मा दुबेका छन .

बुद्ध मगर नै नहोलान अरुनै होलान तर बुद्ध शिक्षा मगरले किन लिन नहुने होला ?सन्सारले मानेको सबै भन्दा बैज्ञानिक धर्म अझ धर्म भन्दा पनि  बिज्ञान मानेर स्विकार्ने मिलियन मान्छेहरु छन तर मगरहरु बिरोध गर्नु को कारण के होला ?अब धर्म के हो भन्दा यस् शब्दको अर्थ फरक फरक ढंगले ब्याखा गर्लान हिन्दू मुसल्मान क्रिस्त्यन भए अलौकिक शक्तिलाई पूजापाठ घन्टी हलाउनु ,कुखुरा राङा खसी बली चधाउनु नै धर्म भन्लान कसैले म धर्म मान्दिन भन्नेले दिन दुखिको सेवा गर्नु धर्म हो भन्लान तर वास्तवमा यी सबै बहाना मात्र हुन धर्मको अर्थ प्राकृतिक रुपमा परिवर्तन हुने स्वाभावलाई जानेर वा बुझेर आफ्नो असल आचरणमा सुधार ल्याउनु नै धर्म हो । अब के बुद्ध भन्दा अघी मगर थिएनन भन्ने सवालमा हिन्दू क्रिस्त्यन मुस्लिम हुनु भन्दा अघी पनि त मगर थिए होलान नि ? किन मगर हिन्दू नै हुनु पर्ने ?वास्तवमा मानव बिकास क्रममा सुरुको अवस्थामा त कसैको नाम थिएन  जात थिएन भाषा धर्म थिएन । अब कसैले मगर प्रकृतिक पूजक भन्छन यो प्रक्रिती पूजक त संसार भरिका जुन भुगोल्मा गएनी भेटिन्छन् रुख जङल पहाड खोला नालालाई पुज्नु मान्व सभ्यताको बिकाससँगै कुनै अलौकिक शक्ती मानी पुजिदै आएको छ तर यहाँ कुनै लिखित वा मौखिक यस्बारे कतै कसैले व्याअखा गरेको पाइदैन साथै रुखलाई भेडा बाखारा बली चधाउनु कुनै प्राक्रित्क सिद्दान्त भित्र परेन त्यो त प्राकृतिक सिदान्त अनुसार सबैको बाच्नु पाउने अधिकारको हनन भयो पुन्य होइन कसैको ज्यान लिनु बरु  उल्टो पाप  भयो .

सफल हुन प्रगती गर्न पन्डितलाई दान दिनु पर्दछ घर खेत अन्न पात ,जगा जमिन सुन जे जे छ जती दियो उती फल प्राप्त हुन्छ ,तिम्रा स्वोर्गवासी पित्रीले पाउछन तिमी मेरेर गए पनि सुख सँग स्वोर्ग जान्छ दिएनौ भने नर्क जान्छौ भन्दै काल्पनिक अन्ध विश्वासमा राखी मगरहरुलाई भौतिक मानसिक दासी बनाएको कारण अब यदी मगरहरुले धर्म नै मान्ने हो भने संसारले मानी आएको तिमी सफल हुने देवी देवतलाई भाकल होइन आफु अहिले देखी नै मिहेनत गर ,संसारमा बाउ आमा भन्दा ठुलो आदर्णीय ,पुजनिय भगवान देउता छैनन भन्दै सत्य ज्ञान दिने बुद्ध दर्शन ,शिक्षालाई  बुझेर जानेर लिउ भनी विद्वान एम एस् थापा र विसिस्ट नेता गोरे बहादुर खपाङीको सल्लाहमानी धैरै मगर हरुले बुद्ध शिक्षा लिदा बिरोध गर्नु त्यती उचित हुन्न होला । हिजो काल्पनिक भगवानको नाममा मगरहरुलाई लुट्दा मगर समाजका अगुवा बुद्दिजिवीहरु कुन ध्रिट्रास्ट्र बनेर बसेका थिए ?

मगरहरु पछी पर्नुको बिबिध कारण मध्य  अनुशासनहिन जीवन जिउनु पनि एक हो अत्याधिक मात्रमा मदिरा सेवन गर्नु अनी परिवारमा छोरा छोरी लाई राम्रो भएन,पढेन  भनेर गाली गर्नु बेकार छ सर्बप्रथम अभिभावक नै असल आचरनमा बस्नु पर्दछ अनी मात्र उचित पथ प्रदशक बन्न सकिन्छ ।

बुद्ध सिक्षाले हत्या हिन्सा नगर्नु , चोरी नगर्नु ,झुट नबोल्नु ,वेस्याब्रितिमा नलाग्नु ,जाड रक्सी नपिउनु भन्ने असल शिक्षा दिदा मगरहरुमा एलर्जी आउनुको कारण के होला ?जुन व्यक्तिगत शरीरको लागि परिवार ,सिङो समाज र देशको लागि नै फाईदा छ ।

अब पन्डितहरुको बक्सिस पाएर, बक्सिस खानलाई सिङो मगर समाजलाई डुबाउने खेलमा लाग्नेहरु सचेत हुन जरुरी छ हिजो जस्तो १ जना मगर लाई मन्त्री देख्दा ओहो भन्ने दिन गए, २०/ २५ लाख मगरमा १ जन बक्सिसमा मन्त्री भएर खुशी मानेर बस्नु सकिने अवस्था छैन कसैले हजारौ मगरलाई बन्दुक भिराएर मन्त्री पद खा छन तर मगरको लागि एउटा सिन्को भाचेका छैन कसैले मगरको नाम बेचेर सरकारी पद खा छन तर वास्तवमै मगरको लागि मात्र नभएर सिङो आदिवासी जनजाती उत्पीडित समुदाएको हक हितको लागि ज्यानको जोखिम मोलेर लडी परेका गोरे बहादुर खपाङी र एम एस् थापाको खैरो खन्ने लोभि पन्डित्को झोला बोकेर कहिले काङ्ग्रेस, कहिले एमाले, कहिले माओवादी बन्नेहरु समयमै सचेत हुन जरुरी छ ।

नोट :-भाषा बिज्ञान सम्बन्धी ज्ञान नभए पनि कुनै भरपर्दो अर्को अनुसन्धानत्मक दस्तावेज नआउन्जेल  हाल लाई व्यापक जनमानस्बाट रुचाइएको  कारण पनि यही नै उचित छ जस्तो लाग्दछ।

Many Thanks

चजिन्द्र राना मगर

लन्डन

Dear All,

I post here today to you all, few lines from one of the very concerned Magar Bandhus, Col. D. B. Rana from Kawasoti, Nawalparasi (He sent a private letter to me today). As he writes in the letter, he is the  "founder Adviser to Nepal Rashtriya Magar Shangh" and adds further more,  "Immediately on retirement I joined Nepali Congress and they gave me a ticket for the first Constituent Assembly  Election  in 2007.Though I got 13,000 votes Mr. Dal Bahadur Rana, (you may know him – presently Land Reforms Minister) won the election."

Indeed, he also is much worried that "We, Magars though in large number in  population in Nepal as well as other countries, we are much backward in all fields. We need to do better than other communities."

One of the promising young scholars from our community, seemingly a frustrated Bishnu Sinjaliji writes in his email below, "Afno byaktigat swarthko lagi Hawa phailaune sojha magarharulai sikar banaune" or in Nepali 'आफ्नो व्यक्तिगत स्वार्थको लागि हावा फैलाउने, सोझा मगरहरुलाई सिकार बनाउने।'  He basically is referring it to M. S. Thapa and his so-called 'Akkha Script' (तथाकथित अक्खा लिपि).

There is a question whether Magars, in the past, were any Buddhists at all ? The reference for so-called 'Akkha Script' (तथाकथित अक्खा लिपि) is labouriously brought down from Buddhist texts (or alien authors whose writings are sometimes challenged by the native scholars in India) to justify a point that 'the Magars were Buddhist before their conversion to Hindu faith or the Buddha himself was a Magar !?!'. Both M. S. Thapa and Gore Bahadur Khapangi vigorously 'utilized' the 'Nepal Magar Association, Central Committee' (नेपाल मगर संघ , केन्द्रिय समिति) platform' to reach out the people in the grassroots and tell that the Buddha himself was a Magar or whatever. But do we have any historical or archaeological evidence to support this claim ? I do not think we have any.

Now, my concern here is how many 'Magar Association, Central Committees' do the Magar people require in Nepal ? Please take a look at the attached photo. The Nepal Rashtriya Magar Shangh, is publicly declared "Sister Organisation of Nepali Congress".

(यसरी कुनै खास जातिको उत्थानका निम्ति खोलिएको संघसंस्थालाई कुनै राजनीतिक दलको भगिनी संस्था भनेर घोषित गरिनु कति उचित हो ? हुन त एम.एस. थापा र गोरे बहादुर खापंगीहरुले पनि उतिबेला नेपाल मगर संघ , केन्द्रिय समितिलाई राष्ट्रिय जनमुक्ति पार्टीको 'भगिनी संस्था' जस्तै बनाउनु भएको थियो तर त्यो कुरा सार्वजनिक रुपमा घोषित थिएन । र, अहिले हाल चाहिँ नेपाल मगर संघ , केन्द्रिय समितिलाइ पनि संघीय समाजवादी दलको 'भगिनी संस्था' जस्तै बनाईएको छ अरे भनेर काठमाडौँ बोलिएको यहाँ पनि टड्कारै सुनिएको हो केही समय पहिले । यहाँ धेरै टाढा छौ सात समुन्द्रपारि, कुरो को चुरो के हो हामी बुझ्दैनौ ।)

The point is whether this or that political party or again whether this faith or that; our community must also prosper as the others do in the country.

Namaste to you all !

bkrana

यसमा छलफल गरिएको 'मगरको लिपि भनिएको अर्थात् अक्खा लिपि'को ध्वनी (Phoneme)अहिलेको मगर कुराको शव्दको ध्वनीसंग मज्जासंग मिल्ने भन्ने कुरालाई ध्वनिविज्ञान (Phonetics ) वा अझ सरल भाषामा भनौ भाषाविज्ञान (Linguistics)को कुनै पनि सिधान्तले सकार्दैन अर्थात् मिल्दैन । यस्तो हास्यास्पद तर्कमाथि बहस गर्नुको कुनै अर्थ छैन । लुम्बिनीस्थित अशोक स्तम्भमा लेखिएको व्यहोरा पाली वा प्राकृत भाषामा छ - मगर भाषमा छैन । त्यसमा यो तर्कले पटक्कै काम गर्दैन । यसबारेमा एम. एस. थापाजी आफैले बोल्नु बढिया होला ।

कुरो के भने 'मगरको लिपि भनिएको अर्थात् अक्खा लिपि'को कुरो पत्रपत्रिकामा छापिएपछि काठमाडौँमा केही गोष्ठी वोष्टी पनि भए, गरिए । एउटा त्यस्तै कार्यक्रममा मैले फरकमत राखेको थिए (त्यसबेला सम्भवत: म नै पहिलो व्यक्ति थिए यसबारेमा त्यसरी सार्वजनिक रुपमा फरक मत राख्ने ) र त्यसबेलादेखि नै राख्दै आएको छु पनि । चित्त बुझ्दो जवाफ पाइएन । यही 'मगरको लिपि भनिएको अर्थात् अक्खा लिपि'को कुरोको सिलसिलामा एकचोटी थापाजीले फोनमा एउटा कुरा भन्नु भएको थियो । अब मैले त्यो कुरो यहाँ सार्वजनिक गरे भने "होईन, मैले त्यसो भनेको छैन।" भनेर उहाले भन्नु हुनेछ पक्कै पनि । त्यसको धेरैपछि २०४८ मा उहाले यो अक्खालिपिवाला किताब प्रकाशित पनि गर्नु भयो ।

कुनै भाषाको लिपि छैन भने बनाउन मिल्छ र त्यो काम ध्वनीबैज्ञानिक, भाषाविद्, प्राचीन भाषा अध्येता (Phoneticians, Linguists, Paleographers) हरुले गर्नु पर्छ । एम एस थापाजीलाई 'प्राचीन भाषा अध्येता' अर्थात् Paleographer का रुपमा अहिले सम्मान गर्न मिल्ने अवस्था छ हामीसंग । तर त्यसले मात्र पुग्दैन यो तथाकथित् 'मगरको लिपि भनिएको अर्थात् अक्खा लिपि'लाई व्यापक रुपमा परिमार्जन गर्नु पर्दछ ।

जय होस , bkrana

Dear sir/Madam

Magarko sallaha kharaniko dalla

Magarka aguwaharu (1) swarthi (2) Lobhi ra (3) Paisama Bikne Charitra

Kunai pani Kam Thalne Tara tyasko nirantar bikas gardai pariskrit Nagarne

Afno byaktigat swarthko lagi Hawa phailaune sojha magarharulai sikar banaune

Bhure Takure samanti rajyakalko samanti sonch

Pad paya pachhi pugyo,

Kam nagari pad chahiyo..

Sarba sadharan magarharuma inferior sonch

Adi Magar jatika socio-psychology ho. Sojha Sajha Magarharulai ullu banayara kehi dhurta aguwa harule paisa, pad, pratistha arjan ta gare tara tinle kam nagaridinda aja yo Bibad ayako ho.

Magar jati le aja samma afno darsan lekhna sakeko chhaina, Samagrama magar sankriti, samaj, bhasa ra afno samasya tatha samadhan ka upayaka haru barema academic pustak lekhna sakeko chhaina, kehi kam bhayaka chhan hattiko mukhma jira, ani confusion lyauna swabhabik ho.

Arko kura lipi ko barema 2049 BS ma pustak niskiyo, tyaspachhi tyasako nirantar academic kam sambandhit lekhak bata auna, byaktigat swarthama lagnu bho, pad ta paunu bho tara padko sansangai yo academic kamlai agadi badhayako bhaya yo barema tungo lagthyo. Abasya Akkha lipile Magar bhasako sabai dhwani sametdaina, Tyasalai lekhakle nai sametne gari bikas garan saknu parthiyo gayako 23 years bhitra tyasko nirantarata bhayana.

Abasya Magarko itishas likhit chhaina, ahile sabai dabi garna sakinna, Tara pani jo bidwan harule magar jatiko utpatti sambandhi afno dharana rakhnu bhayako chha, tyo pramanit garna nirantar khojima lagnu parne thiyo 10/20 barsa aghi diyaka bicharko further kunai academic kam sambandhit lekhakle gareko dekhidaina.

magar harule (1) Documentation (2) Publication (3) communication garne batoma ramro sanga dhyan diyaka chhainan..

Yasto Dhamilo panima Magar janataharulai Bhot baink banayara phaida uthaya hunchha, Chand box Thapera byaktigat swartha pura gare hunchha, Magar jatilai compost mal banayara afno biruwa hukaya hunchha yahima magar aguwaharuko bhalai chha.....

Kina ki Baise chaubise rajya nirman garera wallo danda ra pallo danda ladne samanti magarharuka hami santan! Aja pani kina milnu paryo ra? sabai ekai thauma collective bhayara kina kam garnu paryo ra? byakti pikchhe sanstha banau ani ek arkama dosaropan garau yasai ma byaktigat bhalai chha, kina ki phutauna chahane harule paisa, pad dinechhan, ani labha hunechha.....

Hoina Bhane Sabai milera collective academic kam garau, Budhdhi hunele budhhi dinuhos, paisa hune paisa dinuso, K saknuhunchha tyo sahayog garnu hos ta ki Magar ko barema magar perspective bata research garne bidhwan harulai palau, Ani gunastariya product khojau! Magar aguwaharule Bidhwanhauru ko academic kam padhun ra sunun ani bibhinna bidhaka bigyaharu invite garera gyan liuna ani socio-psychology sudharun magar jatika.

Ani uthau magar samajlai......

Rajnitik asthaka adharama naphutau, Jutau Jati samaj ra desh bikasko nimti garau kehi... Hmaro pani kartabya chha manis bhayara janmanuko natale, Deshko nagarik bhayako natale, magar bhayara janmeko natale...

Bahiskar garau magar jatilai compost mal banayar afno bhudi bharneharulai, byaktigat swarthma lagne  harulai ani hamilai Bhot Baink banaune harulai.......................................................

Jilau, Bishnu singjali

सबैमा जेरो , झोर्ले !

एम एस थापाज्यु भन्नुहुन्छ आज बिस्वमा प्रचलित कुनैपनी लिपिमा तेती सजिलै मगर भाषाका शब्दहरु लेख्न मिल्दैन जती सजिलै अक्खालिपी बाट लेख्न सकिन्छ एस्बारेमा कतै कसैबाट पनि टिका टिप्पनी आएको देखिन्न नत कसैको चासोनै, एस्बाटपनी सजिलै थम्याउन सकिन्छकी यो लिपी मगरकै हो अनि होकी होईन भनेर अलपत्र परिराख्ने बेलापनी होईन यो किनकी एस्ले मगर समाजमा अत्याधिक ब्यापकता पाइरहेकोछ, पक्कै हो भन्ने प्रमनिकरण गरिराख्न पर्ने अवस्यकता पनि छैन किनकी सजिलै लेख्न मिल्छभने जुनै लिपी चलाउदानी हुने नै रहेछ , तेसोहुनाले अन्य कुरा छाडेर अब यो लिपिको अरु बिकासमा लाग्न श्रेयकर होलाकी !

धन्यवाद,

थर्क राणा मगर ,

बेलायत।

सर/म्याडमहरू झोर्ले !

अक्खालिपि सम्बन्धि माथि भएका सबै बहसहरू हेरियो। यो अक्खालिपि मैले आजभन्दा २०-२२ बर्ष अगाडी नै अध्ययन गर्दा त्यति वैज्ञानिक लागेको थिएन। नेपाली बर्णमालाका प्राय सबै 'कार' हरू कपि भएका छन्। तर, यो लिपिलाई नै मगरहरूका सबै संघ संस्थाहरूले त्यतिबेलादेखि आधिकारिक मान्यता दिएर प्रयोगमा ल्याइरहेका छन्। हिजोआज त केहि ठाउँहरूमा औपचारिक अनौपचारिक रूपमै अध्ययन अध्यापन गर्ने गराउने गरिएको छ। यहाँहरूको प्रतिकृया हेर्दा यसलाई तुरुन्तै रोक्नु पर्ने जस्तो देखिन्छ। मलाई पनि त्यस्तै लाग्याछ। तर, त्यसलाई रोक्न कुनै अर्को विश्वसनीय र वैज्ञानिक लाग्ने वास्तविक मगरहरूको लिपि निर्माण गर्नु पर्यो अथवा प्राचीन मगरहरूले प्रयोग गर्ने वास्तविक लिपि पत्ता लगाउनु पर्यो। त्यसैले विकल्पको आविस्कार नभैकन र नगरिकन अक्खालिपिलाई अस्वीकार गरिरहनु पनि त्यति उचित नहोला भन्छु मैले त। तर, वैज्ञानिक लाग्ने र वास्तविक मगरहरूको लिपि त ल्याउनै पर्छ है।

धन्यवाद। Hum sunari magar

एकजना मित्र हुनुहुन्छ पोखरातिरका - लोक बहादुर थापा मगर । र, उतिबेलाको 'पृथ्वी नारायण क्याम्पस' आजभोलिको 'पोखरा विश्वविद्यालय'मा अर्थशास्त्र विषय प्राध्यापन गर्नुहुन्थ्यो ।आजभोलि पनि गर्नुहुन्छ होला । सम्बत् २०५७/५८ सालतिर पोखरामा आयोजित एउटा कार्यक्रममा हाम्रो भेट भएको थियो । तर ,आजभोलि कुनै सम्पर्क छैन ।

कुनै एक कार्यक्रममा यो अक्खालिपिबारे उहाले आफ्नो फरक मत राख्दा उहालाई पनि 'उल्लू' बनाउने प्रयत्न भएको कुरा एउटा अनलाईन खबरमा पढे झैँ लाग्छ । यो दृष्टान्त केका लागि भने विद्वत वर्ग अगाढी आउनु पर्यो र लेख्नु भन्नु पर्यो । नत्र नरु थापाजीहरुले भने झैं "नाग खेल्ने आहाल"बाट 'नेपाल' नामकरण भएको भन्ने गलत कुरोले हाम्रो समाजलाई गाजेर राखिरहनेछ ।

झोर्ले !

Bkrana

Yo kura ma mero byktigat bichar matra ho anyatha nalidinu huna anurodh pani garda6u .
yetihasik,bhasik,saskirtik praman hru Tito Satya huda hudai pni magar ko utpati ko bisaya lai liyera rajnitik matbhinnta le Garda Yesko ra tyasko yesto bichar lekh sahi galat bhanne kura ma alljhiyeko jasto lag6 magar praygik jiuu haru .
Bhikkshu Magar, Sent from my iPhone

I agree with BK sir. I had always in mind the Akhhaya lipi is not the original one. I think this Lipi is exactly a copy of the Lipi kept in British museum. BK sir I agree that we don't really need our own lipi to preserve our language, culture and tradition. Most of the European countries use the roman alphabets to write their language............

With regards

Riya

From: 0000000000@yahoo.in>
Date: 2015-06-23 12:52 GMT-04:00
Subject: Re: मगर जातिको उत्पत्तिको बारेमा केही कुरा
To: "B. K. Rana & Langhali Pariwar Cambridge" <langhalipariwarcambridge@gmail.com>

नमस्कार बी के राना सर,

हजुरको तर्कहरू निकै वैज्ञानिक र व्यवहारिक पनि लाग्यो। यता मगर विषयमाथि शोध गरिरहेको झन्नै सात वर्षजत्ति भइसक्यो। भाषा र लिपिबारे यहीँ दोधारे नीति देखिन आएको छ यता दार्जिलिङ-सिक्किमतिर पनि। मलाई एकपटक डा. कुमार प्रधान सरले पनि भन्नु भएको थियो। "अक्खालिपि होइन त्यो त हुबहु ब्राम्ही लिपि हो। मगरको भन्ने के प्रमाण छ ? यो म आफै पनि लेख्न सक्छु। लिपि बरू ध्वनिवैज्ञानिक र भाषावैज्ञानिकहरूसित सरसल्लाह गरेर त्यसमा मौलिकता सिर्जना गरेर बनाइए अथवा लिपि नभए पनि भाषा बाँच्न सक्छ" भनेका थिए। हो कि लाग्दैछ।

यता पनि सिक्किमतिर त्यहीँ अक्खालिपि प्रचलन र अभ्यासमा सिकाइँदैछ। यसले कतिसम्म मगरको मौलिक पहिचानलाई बचाउने हो, शङ्काजनक स्थिति छ।

अरू पनि जिज्ञाशाहरू छन् मेरा अपडेट गर्दै गर्नुहोला।

00000000000

बागडोगरा, दार्जिलिङ।

मगर जातिको उत्पत्तिको बारेमा केही कुरा

मगर जातिको उत्पत्तिको बारेमा फरक मत यथावत् रहदै आएको छ । यसबारेमा विद्वान डा. गोविन्द पि. थापाले तल एउटा इमेलमा लेख्नु भएको छ । यसमा विज्ञहरुले छलफल गरेर निक्र्यौल गर्नु पर्दछ । तर, हाम्रा आदरणीय दाज्यू खिलधव्ज थापाले ४ वर्ष अघि नै एउटा ईमेलमा जनाउनु भएअनुसार भै के राखेको छ भने जनस्तरमा चाहिँ अर्कै कुरो पुर्याइएको छ वा पुगिसकेको छ ।

एम. एस. थापा हाम्रा अग्रज हुनुहुन्छ । उहाले हाम्रो समाजकानिम्ति जे जति गर्नु भएको त्यो अति नै प्रसंशनीय छ । त्यो कुरा आफ्नो ठाउमा छदैछ ।मगर जातिको उत्पत्तिको बारेमा उहाको कुरो विद्वान डा. थापाजीले उल्लेख गर्नु भएको छ तल (Please scroll down) । त्यसबारेमा आफुलाई लागेको कुरो प्रस्तुत गर्न चाहेको छु मैले आज यसमा । अस्तु ।

एम. एस. थापाका त्यस कुरासंग सहमत हुनु पर्ने आधारहरु अत्यन्त कम छन् वा छैनन् भने पनि हुने अवस्था छ । उहाले 'अक्खा लिपि' (जसलाई पश्चिमाहरुको त कुरै छोडौ नेपालकै प्राज्ञिक जगत समेतले स्वीकारेको छैन !) को कुरो उठानगरि वा टेको टेकी त्यसैको आधारमा मगरहरुलाई 'प्रकृति पूजक, बोन, हिन्दू वा अन्य धर्मावलम्वी नभएको' तर प्राचीन मगर समाज 'बौद्ध धर्मावलम्वी' थियो भन्दै लेख्दै आउनु भएको छ । उहाको यस दावीलाई स्वीकार गर्न सकिन्न ।

एउटै प्रश्न,  बुद्ध वा बौद्ध धर्मको स्थापना हुनुभन्दा पहिलेका मगरहरु  के थिए त ? कुनै पनि प्राचीन समाज शुरुमा  'प्रकृति पूजक' भएको वा रहेको  थियो भन्ने प्राज्ञिक मान्यता छ ।

एम. एस. थापाको 'अक्खा लिपि'को कुरो बढी राजनीतिक छ । प्राज्ञिक वहस वा छलफलमा जातिवाद (Nationalism) को कुरो स्वीकार्य हुदैन ।  एउटा दृष्टान्त यहाँ प्रस्तुत गर्न मन लाग्यो । उहाको  'प्राचीन मगर र अक्खा लिपि' भन्ने किताबको पृष्ठ (बुझिदैन, त्यो कति पृष्ठ भनिएको हो ? ) को  'मगर लिपि (अक्खा लिपि) 'च्याप्टरमा' रायस डेभिड्स (T. W. Rhys Davids) को Buddhist India भन्ने  किताबको पृष्ठ ११९ बाट  "All the present available evidence tends to show that the Indian alphabet was not Aryan at all " मात्र पाद टिप्पणीमा लेख्नु भएको  तर "that it was introduced into India by Dravidian merchants..." भन्ने मूल कुरो नै छुटाउनु भएको छ । यो सरासर राजनीतिक अभ्यास हुनगयो । रायस डेभिड्सको भनाईलाई आफुलाई मिल्नेगरि लेखिएको प्राज्ञिक ईमान्दारिता भएन । अनि  रायस डेभिड्सको भनाईलाई मान्ने हो भने पनि द्रविडहरुले प्रचलनमा ल्याएका लिपि कसरी मगरको 'अक्खा लिपि' थियो वा हुन् सक्छ त अहिले ? मगर जातिको नश्ल द्रविड होईन । अहिलेको प्रचलित भाषामा भन्नु पर्दा मंगोलयोड़ (Mongoloid) हो।

एम. एस. थापाको अर्को कुरो 'बृजि, बाज्जी, बिज्जि इत्यादी' का बारेमा चाहिँ  एउटा पुरानो पोष्ट तल जस्ताको तस्तै :-

---

यसबारेमा केही महीना पहिले पनि पोष्ट गरिएसकिएको हो । मगर जातिको प्राचीनताको बारेमा कहिँ कतै एकाध ठाउँमा बुद्धकालीन मगरहरुलाई 'वृजी मगरहरु' भनेर लेखेको पनि पाइएको छ । यसबारेमा केही भनिहाल्न सकिने अवस्थामा हामी छैनौ अहिले । अथवा, अर्को शव्दमा भन्नु पर्दा 'वृजी मगरहरु' भनेर प्राचीन कालका मगरहरुलाई बुद्धको नजिकका नातेदार देखाउन खोजिएको हो भने भाषिक हिसाबले यो कुरा मिल्दैन भन्नै पर्ने हुन्छ । यो कुरा ठीक होईन, मिल्दैन ।

आजका मगरहरुले बोल्ने 'मगर कुरा', 'खाम मगर कुरा' वा 'काइके मगर कुरा' सबै भोट-बर्मेली परिवारका भाषाहरु हुन भने बुद्धकाल अर्थात् ५०० ईशा पूर्वतिर
बैशालीका 'लिच्छवी' वा 'बृजी'हरुले बोल्ने 'बज्जिका' भारोपेली परिवारको भाषा हो । 'वृजी मगरहरु' बारेको कुरो भाषिक हिसाबले पटक्कै मिल्दैन । भाषा नै फरक भएपछि मानिसको जाति वा नश्ल पनि फरक हुने भै हाल्यो ।

आजका मगरहरुले बोल्ने भाषाहरु र 'बज्जिका' भाषा एकै परिवारका होइनन्। 'बज्जिका' मैथिली भाषाको

उप-भाषा हो । मैथिली भाषाका बारेमा यहाँ लेखिरहनु पर्ने देखिदैन । नेपालको पूर्वी तराईतिर बोलिने मुख्य भाषा मध्य मैथिली पनि एक हो । आज भारतमा र नेपालमा समेत गरेर झन्डै २ करोड जतिले 'बज्जिका' बोल्दछन भन्ने अनुमान गरिएको छ । नेपालको राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदनमा ७ लाख ९३ हजार ४१६ जनाले आफ्नो मातृ भाषा 'बज्जिका' लेखाएका भन्ने जनाइएको छ ।

यसमा अलिकति थप कुरा गर्दा यो 'बज्जी वा वृज्जी' भनेको के हो त्यो बुझ्नु आवस्यक हुन्छ । बौद्ध ग्रन्थहरु 'अंगुत्तर निकाय' र 'महावस्तु'मा प्राचीन कालमा १६ महाजनपदहरु थिए भनेर लेखिएको छ (फोटो हेर्नुहोस)। ति महाजनपदहरुको नाम यसप्रकार थियो : १) अवन्ति, २) अश्मक या अस्सक,३) अंग, ४) कम्बोज,५) काशी, ६) कुरु,७) कोशल, ८) गांधार , ९) चेदि , १०) वज्जि या वृजि,११) वत्स या वंश ,१२) पांचाल,१३) मगध, १४) मत्स्य या मच्छ, १५) मल्ल र १६) सुरसेन या शूरसेन ।

महर्षि पाणिनि द्वारा रचित 'अष्टाध्यायी' नामको विश्व प्रशिद्ध 'संस्कृत व्याकरण'को अध्याय ४ भाग २ शूत्र १३१ मा पनि " मद्र, वृज्योः कन " भन्ने लेखिएको छ । पाणिनिले भनेका 'वृज्यो' अथवा 'वृजी वा वृज्जी' कहाँ वा कतातिर पर्दथ्यो भन्ने कुनै स्पष्ट संकेत पाइदैन । तर, एउटा कुरा पक्कै पनि के हो भने महर्षि पाणिनि बुद्धका समकालीन हुन। साथै, कसैकसैले चाही प्राचीन उत्तर पूर्वी ईरानको पार्थियन साम्राज्यको एक हाँगा 'वरज' ( ईशापूर्व ७० ) बाट 'वृज्जी ' जनपदको बनेको हो पनि भनेका छन् । यसमा प्रश्तुत 'वज्जि या वृजि', भनेको आठ गणतांत्रिक कूलहरुको एउटा महासंघ थियो जसको राजधानी वैशाली थियो ।

महाराजा अशोकको ईशापूर्व २४९ को लुम्बिनीको स्तम्भमा ब्राह्मी लिपिमा लेखिएको " अठ-भागिये च (||*)" ले, बुद्धका पार्थिव अवशेष 'वज्जि या वृजि' समेत यिनै आठ गणराज्यहरुको वीच भाग लगाइएको थियो भन्ने कुरा बुझिन्छ ।

***

पूर्वमन्त्री आदरणीय गोरे बहादुर खपांगीले पनि प्राचीन नालन्दा विश्वविद्यालयको शिलन्यास कुनै 'सोमई थरका मगर'ले गरेका भनेर लेख्नु भयो । 'नालन्दा'को अर्थ मगर भाषामा 'कमलको फूल राख्यो' भन्ने लगाउनु भएको छ त्यस लेखमा उहाले । लेखक तथा प्रधान सम्पादक हिरासिंह थापा (सामेसेन मगर)ले पनि मगर संघ केन्द्रीय समितिद्वारा २०६६ सालमा प्रकाशित ९८४ पृष्ठको 'मगर (ढुट ) - खस - अंग्रेजी शव्दकोष'को आवरण पृष्ठमा नै एउटा पुरेनी र त्यसको मुनि "नालन डा" ("नालन डा" दुई छुट्टा छुट्टै शव्दहरु लेखिएका छन् । एउटै 'नालन्दा' होईन ) लेख्नु भएको छ ।

मगर भाषामा  'नालन> 'कमलको फूल' र  'डा' > 'राख्यो 'मा भएका दुई शव्दले  'कमलको फूल राख्यो' भन्ने अर्थ लाग्छ नै । 'नालन्दा' भन्ने  नाम शव्दले पनि  कमलको फूललाई संकेत गरेको स्पष्ट देखिन्छ । बौद्ध मत अनुसार कमलको फूलको प्रतिकात्मता  'तन, मन र वाक् शुद्धता' (Purity) हुने भएपछि आफ्नो मगर भाषा अनुसारको अर्थ  'कमलको फूल राख्यो' भन्नु वा त्यस्तो अर्थ लगाउनु जातिवाद (Nationalism) कै कुरा हुन् आउछ । यो त 'प्राचीन किराँत-इतिहास'का लेखक स्वामी प्रपन्नाचार्यले ऋग्वेदमा उल्लेख गरिएका ईन्द्र वा दिवोदासहरुको विरुद्ध लड्ने सबैजसोलाई 'किराँत राजाहरु" थिए   र इमान सिंह चेमजोंगले चाहिँ  लिम्बूहरुको इतिहासलाई ईसाईकरण  गरिदिएको भनेर लेखेको  जस्तो भयो ।

अब कुरो के भने आफ्नो हिसाबले मात्र कुरो गर्न भएन । मानौँ बुद्ध मगर नै थिए अरे, तर त्यसले अहिलेको मगर समाजलाई के फरक पर्छ त ? फेरी पनि मानौँ  कुनै 'ब्राह्मी लिपि' नभएर 'मगरको लिपि (अक्खा लिपि)' नै थियो रे वा हो रे । तर, जवसम्म  एउटै प्राचीन रचना वा  साहित्य वा अन्य कुनै विधाको कृति मगर भाषामा,  'मगरको भनिएको  लिपि (अक्खा लिपि)'मा लेखिएको हामी पाउन सक्दैनौ त्यसले 'मगरको लिपि (अक्खा लिपि)' को जति दुहाई दिए पनि कुनै माने लाग्दैन । साथै आफ्नो लिपि हुनु राम्रो हो तर नहुदैमा पनि के कमी हुन्छ त ? स्वयम् ब्रिटिश वा अमेरिकनहरु खुद कै पनि आफ्नो लिपि छैन: रोमन लिपिले काम चलाइरहेका छन् । लिपि सरल हुनु पर्यो लेख्नलाई, रोमन लिपि लेख्नलाइ अत्यन्त सरल छ ।

आजभोलि  जिल्ला जिल्लामा सबैतिर एम. एस. थापाले 'मगरको अक्खा लिपि' भनि दाबी गर्नु भएको लिपिको  'लेखन-तालीम' दिन शुरु गरिएको सुनिएको छ । फेसबुकको भित्ता भित्तामा यस्तै लेखिएको पाइएको छ । त्यो पनि ठीकै हो तर त्यसमा अलिकति परिवर्तन वा आधुनिकीकरण गरेर त्यहि लिपिलाई पूर्वेली मगर वा खाम मगर भाषाहरुको लिपिका रुपमा विकशित गरिए ठीकै होला नत्र उही सम्राट अशोकको लुम्बिनीको जस्तो हुबहु लेख्न लगाइयो भने त्यसको पनि के माने भो र ? लिपि नै गाह्रो छ लेख्नलाई - हिज्जे र व्याकरणका कुरा त कता हो कता ?

अर्को कुरो नरु थापाको "सौभार वंशीय किराती वा जनजाति" । यो 'सौभार'  भनेर उहाले ऋग्वेद ६ ।२६ ।५ मा आउने 'तवं तदुक्थमिन्द्र बर्हणा कः पर यच्छता सहस्राशूर दर्षि |

अव गिरेर्दासं शम्बरं हन परावो दिवोदासं चित्राभिरूती ||"  को कुरो गर्नु भएको हो भने  प्रथम किराँत राजा 'यलम्बर' र ऋग्वेदमा वर्णित शक्तिशाली राजा 'शम्बर'को नाम कै बारेमा पनि अनुसन्धान हुनु जरुरी छ । यी 'यलम्बर' र 'शम्बर' दुई नाम शव्दहरुमा  ध्वन्यात्मक समानता भेटिन्छ ।

तलको इलेमा लेखिएको नरु थापाजीको कुरो उहाको पुस्तक 'किरात मगर इतिहास - २०६७ ' पृष्ठ ५२ र ५३ मा पनि लेखिएको छ । जहासम्म नाग वंशको कुरा छ त्यसमा उहाका कुरामा केही सत्यता भेटिन्छ । केही नागहरु हिमाली क्षेत्रका आदिवासी पनि भएपछि त्यसमा मगरहरु नपर्ने भन्ने कुरा आउदैन तर उहाले पनि नागहरु नाम फेरिएर "लिच्छवि , वृजी ,वैदेही , यूची" (उही पुस्तकको पृष्ठ ५३) जस्ता शव्द हरु एम. एस. थापाबाट नै सापटी लिनुभएको बुझिन्छ । यसमा यसै हो भनेर कसरी ठोकुवा गर्ने जबकि अनन्तनाग भन्ने शहर आज पर्यन्त भारतको जम्मुकश्मिरमा छ । यो अनन्तनाग शहरको नाम किन रहन गयो ? भन्ने कुरा पनि कम रोचक छैन। यसै गरी तेश्रो र चौथो शताव्दीमा पद्मावती र मथुरामा नागहरुको राज्य थियो । राजा भव नागहरुले आफ्नो मुद्रा नै चलाएका थिए । नागार्जुन- 'नाग+झोङ्ग'को नेपालीकृत आधुनिक रुप हो ।यसको अर्थ नागको झोङ्ग' अर्थात् 'किल्ला' भन्ने हुन्छ । नेपालका राजाका सिंहासानमा नागहरुको फणा उठाएर राखिएको हुनु, नक्सालको नागपोखरीको विशाल नाग, भक्तपुर दरबार स्क्वाएरको भित्रि पोखरीको अर्को विशाल नाग र बन्संतपुर लगायत अन्य दरबारहरु (जो अहिले भग्न भए ) को प्रत्येक तलामा नागको आकार कलात्मक काठको पेटी वा टेको राखिएको हुनु काठमाडौँ उपत्यका प्राचीन काल देखिनै नागहरु द्वारा संरक्षित रहेको भन्ने जनविश्वासलाई बुझाऊदैन र ?

तर, नरु थापाजीले "नागदहको पानी नागहरुले (नागवंशीय मगर) प्रयोगमा ल्याउने हुनाले सो ठाउँहरुलाई नागहरु आहाल खेल्ने ठाउँ भन्दा भन्दै अपभ्रंश भएर नाग आहाल गर्ने ठाउँ नाग आहाल र नेपाल हुन गएको हो ।" भनेर लेख्नु भएको छ भने यसको आधार के हो ? यो त कुनै हिसाबले पनि सही होईन । यस हिसाबले लेखेर हुदैन, यो मिल्दैन । यस बारेमा अगष्ट ४, २०११ मा मेरो आफ्नो ब्लगमा पनि प्रा. कमल प्रकाश मल्लको एउटा लेख पोष्ट गरिएको छ ।हेर्नुस >> 'NEPALA': ARCHAEOLOGY OF THE WORD

कुरो जे भएपनि मगरहरुलाई बुद्धको मावली खलक भन्नु वा मगरहरुले झैँ 'साक्खै' साली बिबाह गरेर बुद्धका पुर्खाहरु पनि 'शाक्य' कहलिएका वा अझ भनौ महपरिनिर्वाण माने मर्ने बेलामा 'सुँगुरको मासु' खाएकाले बुद्ध पनि खाट्टी मगर नै थिए भनेर भन्नु आत्मरति भन्दा अरु केही होईन ।

नमस्ते, bkrana




Dear Sir/Madam,

बागलुँग मगर समाजले “मगर आवाज” भन्ने पत्रिकाको विमोचन गरायो । त्यसमा ...एम. एस. थापा र नरु थापाका लेख पनि छन् । एम. एस. थापा मगरको उत्पत्ति बारे लेख्नु हुन्छ ः

कुनै पनि जातिको ऐतिहासिक एवम् साँस्कृतिक परम्परालाई दृष्टिगत नगरी ठाडै हिन्दु हो भन्नु वा झाँक्री, भुत, प्रेत, पितृ र प्रकृति पुजालाई मात्र दृष्टिगत गरी मगरहरुलाई प्रकृति पुजक वा वोन धर्मावलम्बी भन्नु गलत हो । .....प्राचीन समयमा मगरहरुलाई बृजि, बाज्जी, बिज्जि आदि भन्थ्यिो । .....अहिले पनि घर गाउँमा गैर मगरलाई गाली गर्दा बजिया शब्द प्रयोग गर्ने चलन छ । यस बजिया शब्दले पनि मगर हरु बृजि भएको थप पुष्टि गर्छ । ...आजका मगरहरुलाई प्राचीन लिच्छवी (बृजि) भनिन्थ्यो एवम् लिच्छवी बंशजका बुद्ध र अशोक भएको प्रष्ट देखिन्छ । ....यि सबै ऐतिहासिक तथ्याँक बाट बुद्ध मगर जातिकै देखिन्छ ।

आफनो लेखमा नरु थापा लेख्न हुन्छ ः आर्यन हरुले वेद र उपनिषदहरुमा जताजतै उल्लेख गर्ने गरेको नाग, किन्नर, र गन्धर्व यिनै सौभार वंशीय किराती वा जनजातिहरु हुन् । काठमाण्डौलाई पहिला नागदह भनिन्थ्यो नागदह इलाकामा

नागवंशीय मगर राजा कर्कोटले राज्य गर्द थिए । उनले आफनो रक्षार्थ आजको नागार्जनमा नागजौंग किल्ला खडा गरेका थिए । नागजौंगनै अपभ्रंश भएर नागर्जुन हुन पुगेको हो त्यस्तै नागदहको पानी नागहरुले (नागवंशीय मगर) प्रयोगमा ल्याउने हुनाले सो ठाउँहरुलाई नागहरु आहाल खेल्ने ठाउँ भन्दा भन्दै अपभ्रंश भएर नाग आहाल गर्ने ठाउँ नाग आहाल र नेपाल हुन गएको हो ।

सत्य के हो ? विव्दान हरुले ठोस प्रमाणका साथ प्रस्तुत हुन पर्छ । मगर अध्ययन केन्द्रले यस बारे नेपाल प्रज्ञा पतिष्ठान संग मिलेर एउटा गोष्ठिको आयोजना गरी सकेको छ । अब फेरी यिनै विषयहरुमा केन्द्रित रहेर राष्ट्रिय गोष्ठि गर्ने जमर्को गर्दै छ ।

**We are trying to sort out the confusions. Please refer sites or books on these issues. Thanks**

**Govind P. Thapa, PhD, MA, BL, MPA,**